# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २३ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता ब्यानर्जीले आतङ्कवाद विरूद्ध भारतको वैश्विक कूटनीतिक अभियानको स्वागत गर्दै विदेशमा गएका विभिन्न दलहरूको प्रतिनिधिमण्डल फर्केपछि संसदको विशेष सत्र बोलाउने माग गर्नु भएको छ।

- अपरेशन सिन्दुरको सफलतामा भारतीय सेनालाई नमन गर्दै बधाई दिन आज खरसाङमा तिरंगा यात्रा निकालियो।

- शिक्षक पात्रताको मागलाई लिएर लामो समयदेखिकै संघर्षरत् एसएससी उम्मेद्वारहरूलाई अब सेन्ट्रल पार्कमा प्रदर्शन गर्ने सशर्त अनुमति प्राप्त भएको छ।

- कोलकाता उच्च अदालतले पश्चिमबंगालको कोलकाता राज्य परिवहन निगम (सीएसटीसी)-लाई अवमाननाको नोटिस जारी गरेको छ।

- सशस्त्र सीमा बल (एसएसबी)-ले हिजो राती एकजना बंगलादेशी युवकलाई पक्राउ गरेको छ।

**संसदको विशेष सत्र -ममता बनर्जी**

मुख्यमन्त्री ममता ब्यानर्जीले आतङ्कवाद विरूद्ध भारतको वैश्विक कूटनीतिक अभियानको स्वागत जनाउनु भएको छ। तर उहाँले केन्द्र सरकारसित विश्वभरिमा पाकिस्तानको आतङ्कवादको पोल खोल्न विदेश गएका विभिन्न दलहरूको प्रतिनिधिमण्डल फर्केपछि संसदको विशेष सत्र बोलाउने मार मुख्यमंत्री ममता बनर्जीले गर्नु भएको हो। देशको जनतालाई हालको भारत -पाक संघर्ष र त्योसित जोड़िएका घटनाक्रमहरूको पूरा जानकारी दिन संसदको विशेष सत्र आवश्यक रहेको उहाँले बताउनु भएको छ। सामाजिक संजाल एक्समा लेखिएको एक पोस्टमा सुश्री बनर्जीले, आतङ्कवाद विरूद्ध भारतको वैश्विक अभियान प्रति खुशी व्यक्त गर्नु भएको छ। उहाँले अझ भन्नु भएको छ, राष्ट्रिय हित र सम्प्रभुताको रक्षासित जोड़िएको हरेक मुद्दामा तृणमूल कांग्रेस केन्द्रको साथ खड़ा छ। अपरेशन सिन्दूरपछि केन्द्र सरकारले पाकिस्तान प्रायोजित आतङ्कवादलाई उदांगो पार्न विश्व सामक्ष ठोस साक्ष्य पेश गर्ने रणनीति अपनाएको छ। यसै बोमोजिम विभिन्न राजनीतिक दलहरूका प्रतिनिधिहरूलाई गठित समूहहरूलाई धेरै प्रमुख देशहरूमा पठाइएको छ, जहाँ उनीहरूले भारतको पक्षलाई स्पष्ट गरिरहेका छन् र पाकिस्तानको आतङ्की षड़यन्त्रहरूको भण्डाफोड़ गरिरहेका छन्। यो अभियान भारतको विदेश नीतिमा निर्णायक कदमको रूपमा हेरिँदैछ, जहाँ राजनीतिक दलहरूले मतभेदहरूदेखि माथि उठेर एकजुट भएर राष्ट्रहितलाई प्राथमिकता दिँदैछ।

**अपरेशन सिन्दुर**

अपरेशन सिन्दुरको सफलतामा भारतीय सेनालाई बधाई दिन्दै आज खरसाङमा तिरंगा यात्रा निकालिएको छ। दार्जिलिङको सांसद राजु विष्टको विशेष उपस्थितिमा खरसाङमा निकालिएको उक्त तिरंगा यात्रामा खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरु लगायत भूतपूर्व सैनिक संगठनका प्रतिनिधिहरु र स्थानीयहरु उपस्थित रहेका थिए। उक्त तिरंगा यात्रा खरसाङको टुरिस्ट लजदेखि शुरु भएर राष्ट्रिय राजमार्ग हुँदै अस्पताल मोड भएर वर्द्धवान रोड भएर मोटर स्ट्याण्ड र रेलवे स्टेशन परिसरमा पुगेर समापन गरिएको छ। यस तिरंगा यात्रामा सिन्दुर अपरेशनमा पाएको सफलताले लागि भारतीय सैनिकप्रति आभार प्रकट गरिएको

छ। यस तिरंगा यात्रामा १हिन्दुस्तान जिन्दावाद१ए १भारत माताकी जय१ए १बन्दे मातारम१ जस्ता नाराहरु लगाइएको थियो। उक्त तिंरगा यात्रा रेलवे स्टेशन परिसरमा पुगेर पथ सभामा परिणत भएको छ। उक्त पथ सभालाई सांसद राजु विष्टले सम्बोधन गर्दै यो तिरंगा यात्रा केवल साधारण यात्रा मात्र होइन तर सम्मान र गौरवको यात्रा हो अनि देश भक्तिको यात्रा हो भनी बताएका छन्। उनले यस तिरंगा यात्राको लागि खरसाङका जनतालाई धन्यवाद दिन्दै सिन्दुर अपरेशनले जुन सफलता पाएको छए देशले जुन सफलता पाएको छ र देशको सेनाले जुन सफलता पाएको छ त्यसको लागि आज हामी यहाँ छौं भनी बताएका छन्।

**खरसांग तीरंगा यात्रा -2**

सांसद राजु विष्टले आफ्नो सम्बोधनमा भने, 'हाम्रो देश बुद्धको देश हो, युद्धको देश होइन। भारतले युद्ध होइन शान्ति चाहन्छ। तर कुनै पनि प्रकारको षड्यन्त्र कसैले गर्छ भने त्यसको जवाफ दिन पनि जान्दछ। त्यो जवाफ बोर्डरमा मात्र सीमित नभएर भित्र पसेर पनि जवाफ दिन सक्षम छ।'

उहाँले अझ भने, 'अपरेशन सिन्दूरको सफलतामा हामी यहाँ भेला भएका छौं। अब पाकिस्तानले भारतलाई जिस्काउँदैन। जिस्कायो भने अब हामी चुप लागेर बस्दैनौं। अपरेशन सिन्दूरमा भारतले पाकिस्तानलाई भित्र पसेर नै त्यहाँ भएको आतङ्कवादी ठेगानाहरुलाई ध्वस्त पारेको छ। खरसाङ र पहाडको जनताले पनि अपरेशन सिन्दूरको सफलतामा आज सम्पन्न तिरंगा यात्रामा उपस्थिति दिएर देशलाई आईपरेको खण्डमा सदैव देशको कुनै पनि प्रकारको सेवा गर्न तयार र देश भक्तिको कुरा स्पष्ट देखाएको छ।'

**राज्य भाजपा अध्यक्ष -पत्नी मतदाता पत्र**

पश्चिम बंगाल भाजपा अध्यक्ष तथा केन्द्रिय मन्त्री सुकान्त मजुमदारकी पत्नी कोयल मजुमदारमाथि दुईवटा भिन्न-भिन्नै स्थानको मतदाता पहिचान पत्र रहेकोको आरोपको संज्ञान लिन्दै चुनाउ आयोग (ईसी)-ले जाँच शुरू गरेको छ। राज्य चुनाव आयोगका एक जना वरिष्ठ अधिकारीले यो जानकारी दिएका छन्।
प्रारम्भिक जाँच अनुसार कोयल मजुमदारसित दुईवटा भिन्दा ङिन्दै ईपीआईसी नम्बर भएको मतदाता पहिचान पत्र रहेकोछ। एउटा बालुरघाटमा, उनको विवाह पछि, जसमा उनको नाम कोयल मजुमदारको रहेको छ भने अर्को जलपाईगढ़ीमा विवाह पहिला कोयल चौधरीको नाममा मतदाता पहिचान पत्र रहेको छ।
चुनाव अधिकारी अनुसार, "यदि उनले फरम-18 को माध्यमबाट मतदाता पहिचान पत्रमा नाम संशोधन तथा स्थानान्तरण गरिएको सूचना दिएकी भए यो स्थिति उत्पन्न हुँदैनथ्यो। कुनै पनि परिवर्तनको सूचना दिनु मतदाताको जिम्मेवारी हुन्छ, तर यस मामिलामा चुनाउ आयोगलाई कुनै जानकारी दिइएन।"

आरोप छ कि विवाहपछि कोयलले बालुरघाटमा फरम-6 भरेर नयाँ मतदाता कार्ड बनाएकी थिइन्, तर दुवै कार्डमा ईपीआईसी नम्बर र उपनाम भिन्न-भिन्न भएको कारणले गल्तीलाई तत्काल ठिमाउन सकिएन। चुनाउ आयोगले अब दुवै पहिचान पत्रको तस्वीर सहित अन्य व्यक्तिगत विवरणहरूको जाँच गरिरहेको छ जसले यो सुनिश्चित गर्न सकियोस् कि दुवै कार्ड एउटै व्यक्तिको हो।

**सेन्ट्रल पार्कमा प्रदर्शनको अनुमति**

शिक्षक पात्रताको मागलाई लिएर लामो समयदेखिकै संघर्षरत् एसएससी उम्मेद्वारहरूलाई अब सेन्ट्रल पार्कमा प्रदर्शन गर्ने सशर्त अनुमति प्राप्त भएको छ। कलकत्ता उच्च अदालतले बिहीवार आफ्नो आदेशमा भन्यो, अब प्रदर्शनकारीहरूले विकास भवनको सट्टामा सेन्ट्रल पार्कको स्विमिंग पुल नजिक धरना प्रदर्शन गर्न सक्नेछन्। तर एक समयमा अधिकतम 200 जना प्रदर्शनकारीहरू मात्र धरनास्थलमा उपस्थित रहन सक्नेछन्।
न्यायाधीश तिर्थंकर घोषको अध्यक्षतामा गठित पीठले पुलिसलाई पनि परामर्श दिएको छ, कि यस मामामिलामा पुलिसले 'बिस्तारै जाऔं'- को नीति अप्नाएर मानवीय दृष्टिकोणले स्थितिलाई सम्हालोस्। साथै अदालतले आन्दोलनकारीहरूको लागि बायो ट्वायलेट अनि पिउने पानीको उचित व्यवस्था गरिदिने निर्देश पनि दिएको छ। प्रदर्शनकारीरू प्रतिनिधिहरूको नाम अदालतमा सुम्पिनुपर्नेछ।यसपूर्व गत 15 मईमा विकास भवन बाहिर भएको उग्र प्रदर्शनपछि आन्दोलनकारीहरूलाई बिधान नगर पुलिसले

नोटिस पठाएको थियो भने माध्यमिक शिक्षा बोर्डले उनीहरूलाई कारण बताऊ नोटिस जारी गरेको थियो। यसमाथि कोर्टले भन्यो, मामिला लम्बित रहुञ्जेलसम्म पुलिस वा बोर्ड कसैले पनि कुनै प्रकारको कठोर कारबाही गर्न सक्दैन।

## सीएसटीसी - अदालत अवमानना

कोलकाता उच्च अदालतले पश्चिमबंगालको कोलकाता राज्य परिवहन निगम (सीएसटीसी)-लाई अवमाननाको नोटिस जारी गरेको छ। अदालतले यसका सेवानिवृत कर्मचारीहरूलाई भविष्य निधि -पीएफ को पैसा यथाशीघ्र भूगतान गर्ने आदेश दिए तापनि निगमले भूगतान न गर्दा यो अवमानना नोटिस जारी गरेको हो। न्यायाधीश अरिन्दम मुखर्जीको एकल पीठले हिजो सीएसटीसी कर्मचारी भविष्य निधि ट्रष्टका अध्यक्ष एवं तृणमूल कंग्रेसका नेता मदन मित्रा सहित राज्य सरकार अनि सीएसटीसीका केही अधिकारीहरूविरूद्ध अवमानना नोटीस जारी गर्‍यो। सम्बन्धित अधिकारीहरूलाई आगामी 4 जुलाईको दिन अदालत समक्ष व्यक्तिगत रूपमा पेश हुने निर्देश दिइएको छ। यी अधिकारीहरू विरूद्ध अवमाननाको कारवाही किन न गरियोस त्यसबारे पनि स्पष्टीकरण दिन भनिएको छ।
स्मरणरहोस गत वर्ष, जुलाई, 2024- मा कोलकात्ता उच्च अदालतले ती सेवानिवृत्त कर्मचारीहरूलाई तत्काल पीएफ भुक्तान गर्ने आदेश दिएको थियो। कर्मचारीहरूलाई सेवानिवृत्त गरिएको लामो समय बित्तिसक्दा पनि पीएफ भूगतानी न गर्दा उनिहरूले अदालतको दइलो घचघचाएका थिए।

## एसएसबी -बंगलादेशी पक्राउ

सशस्त्र सीमा बल (एसएसबी)-ले हिजो राती एकजना बंगलादेशी युवकलाई पक्राउ गरेको छ। पक्रा पर्ने युवकको नाम रञ्जीत बर्मन तथा बंगालदेशको रंगपुर निवासी रहेको बताइएको छ।एसएसबीले बंगलादेशी युवकलाई खोरीबाड़ीको पानीट्यांकी सीमा नजिका गस्ती गर्ने क्रममा पक्राउ गरेको हो। सो युवकलाई अग्रिम कारबाहीको लागि खोरीबाड़ी थानालाई सुम्पिएको छ। युवकबाट बंगलादेशी जन्म प्रमाण पत्र, पासपोर्ट र पहिचान पत्रसँगसँगै भारतीय मतदाता पत्र अनि आधार कार्ड जफ्त गरिएको छ। पुलिस सूत्र अनुसार बंगलादेशी युवक वर्ष 2021-मा भारतीय भिजामा भारत भित्रिएको थियो। पछि युवक आफ्नो देश फर्कियो। त्यसपछि फेरि बंगलादेशबाट अवैध रूपमा भारतमा आएर यहाँकै आधार कार्ड र भोटर कार्ड बनायो। त्यसपछि खोरीबाड़ीमा आफन्तसित बस्न थाल्यो। उक्त युवकविरूद्ध फरेन एक्ट अन्तर्गत मामिला दर्ता गरी कारबाही शुरू गरिएको छ।

## चौंथो राज्य स्तरीय जज एण्ड कोच  ओरिएन्टेसन

अल बंगाल योगासन स्पोर्ट्स एशसिएसनद्वारा चौंथो राज्य स्तरीय जज एण्ड कोच  ओरिएन्टेसन प्रोग्राम २०२५ कालेबुङमा आरम्भ गरिएको छ। मङ्गलधाममा आयोजना गरिएको उद्घाटन कार्यक्रममा कालेबुङका अतिरिक्त जिल्लापाल सुदीप्त दास, मंगलधामका गुरुजी मोहन प्रियाचार्य लगायत एसोसिएसनका राज्यस्तरीय पदाधिकारीहरू अनि एक कालेबुङ जिल्लाका उप्रेती योगा सेन्टरका संस्थापक पंकज उप्रेती लगायत विभिन्न स्थानका योगा प्रेमीहरूको उपस्थिति रहेको थियो।
बिहिबारदेखि आरम्भ गरिएको उक्त शिविरमा जापान नेपाल भुटान लगायत विभिन्न देशका प्रतिनिधिहरु अनि सिक्किम साथै बंगालका  विभिन्न जिल्लाबाट प्रशिक्षणर्थीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा पंकज उप्रेतीले अतिथिहरु को परिचय साथै स्वागत जनाएका थिए। यसरी नै बंगालका प्रतिनिधिहरूद्वारा अतिथिहरुलाई स्मृति चिन्ह प्रदान गर्दै कार्यक्रममा स्वागत जनाइएको थियो चार दिवसीय रूपमा सम्पन्न हुने योगा प्रशिक्षणमा विभिन्न स्थानका १०० भन्दा अधिक प्रशिक्षनार्थि हरूको उपस्थिति रहेको छ। प्रशिक्षणनार्थीहरूलाई आवास अनि भोजनको व्यवस्था पनि गरिएको छ। भारत निकट भविष्यमा विभिन्न क्षेत्रमा विश्वगुरु हुने संकेतहरू आइरहेको अनि योगाको क्षेत्रमा भारत विश्वगुरु भइसकेको मंगल धामका गुरुजी मोहन प्रियाचार्यले बताएका छन् कार्यक्रममा नृत्य लगायत विभिन्न विषयमा वक्तव्य राखिएको थियो ।पहाडको इतिहासमा यस किसिमको योगा शिविर पहिलो पल्ट नै यस किसिमको योगा शिविर सम्पन्न गरिएको संस्थापक पंकज उप्रेतीले बताएका छन्।

## लङ्भ्यू चियाबारी

खरसाङको लङ्भ्यू चियाबारीको सम्पूर्ण श्रमिक संगठनहरू एकै मञ्चमा आएर लङ्भ्यू चियाबारी परिसरमा गेट मिटिङ गरेको जानकारी प्राप्त भएको छ। यस गेट मिटिङमा श्रमिक संगठनहरूले लङ्भ्यू चियाबारीको दीर्घकालीन माग श्रमिकवर्गको वेतन समयमा दिनुपर्ने, अवकाशप्राप्त कर्मचारीहरूको ग्रेजुएटी दिनुपर्ने तथा चियाबारीमा मशीनद्वारा पत्ती काट्न झट्ट बन्द गर्नुपर्ने, काँचो पत्ती अन्य स्थान लान नपाउने साथै चियाबारीमा आइतबारको छुट्टीको दिन पनि दश रुपियाँ प्रति किलो पत्ती मालिक पक्षले टिपाउन नपाउने विषयमा कुरा उठाए। यसबारे सन्त मेरिज तीन ग्राम पञ्चायत प्रधान साथै भागोप्रमो श्रमिक संगठन, खरसाङ महुकमा समितिको संयोजक मणिराज डुम्जनले लङ्भ्यूका सम्पूर्ण श्रमिकहरू कुनै पार्टी नछुट्याई एकजुट भएर श्रमिकहरूको हक र अधिकारको निम्ति गेट मिटिङ गरेको जनाए। प्रधानले आगामी 27 मई मंगलबारको दिन मालिकले लङ्भ्यू चियाबारीको सञ्चालन गर्न रोडम्याप तयार गरी वर्ता गर्ने जनाउँदै उक्त दिनसम्मको लागि गेट मिटिङ स्थगित गरेको तथा मंगलबारसम्म श्रमिकहरूले केवल आफ्नो ठिका तेह्रो किलो मात्र चियापत्ती टिप्ने जनाए। तिनले जीटीए प्रमुख कार्यपाल अनित थापाले विगतमा लङ्भ्यू चियाबारीको निम्ति धेरै कार्य गरेको र वर्तमानमा पनि उनी लङ्भ्यूको निम्ति धेरै चिन्तित रहेको जनाए। डुम्जनले प्रबन्धक पक्षले लङ्भ्यू चियाबारीमा मशीनद्वारा काँचो पत्ती टिपाइएकोमा कड़ा निन्दा गर्दै प्रबन्धकपक्षले चियाबारीको श्रमिकहरूलाई नै अतिरिक्त ज्याला दिएर पत्ती टिपाउन पर्ने जनाए भनी जिनोद परियारले जानकारी दिएका छन्।